वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक ९३ | २०८३ साउन १३ गते बुधबार, नेपाल सम्वत् ११४६ July 29, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## गाउँका किसानलाई कोदो रोपाइएको चटारो

तनहुँको शुक्लागण्डकी नगरपालिका–२ राङ्दीका किसानहरू पोखो बारीमा कोदोको विऊ रोप्दै । मकै खेती थन्काएसंगै ग्रामीण क्षेत्रका किसानहरू कोदो खेती गर्ने गर्छन ।

*तस्विर : रीता नेपाली/भञ्ज्याङ*

# सर्पदंशको बढ्दो सन्त्रास

**प्रगति ढकाल**/काठमाडौं

अहिले मनसुनको समय । किसानहरूको अधिकांश समय खेतबारीमै बित्ने गर्दछ । मनसुनी अवधिमा बढेको हुन्छ सर्पदंशको त्रासदी । विशेषगरी तराईका जिल्लामा मनसुन सुरू भएसँगै सर्पदंशका घटना बढ्न थाल्छन् ।

बिहान खेतमा पुगेको किसनालाई बेलुका सकुशल घर फर्किन पाइन्छ कि पाइँदैन भन्ने त्रास हुन सक्छ । दिनभर खेतमा काम गर्ने किसान मात्र होइन, राति आफ्नै घरमा सुतेका मानिस पनि सुरक्षित महसुस गर्न सक्दैनन् । घरभित्र निदाइरहेका मानिस, खेलिरहेका बालबालिका, बिहानै उठेर गोठतिर लागेका गृहिणी, घाँस काट्न वा धान खेतलाई पानी लगाउन गएका किसान जो कोही पनि सर्पदंशको शिकार बन्ने गरेका छन् । धेरै परिवारका लागि वर्षायामको रात चिन्ताको रात बन्ने गरेको छ ।

चितवन जमुनापुरमा बस्ने विमला ढकाल पनि हरेक मनसुन यही त्राससँग बाँचिरहनुभएको छ। खेतमा काम गर्न जाँदा उहाँको ध्यान धानभन्दा बढी वरिपरि सर्प छ कि छैन भन्नेमा जान्छ । "काम नगरी खान पनि पुग्दैन । खेतमा नगई विकल्प छैन तर काम गर्न जाँदा सर्प आउँछ कि भन्ने डर लागिरहन्छ । बारीमा मात्रै होइन, कहिलेकाहीँ त घरमा झुलभित्रै पनि पस्दोरहेछ, "उहाँले रासससँगको टेलिफोन कुराकानीमा भन्नुभयो ।

ढकालको चिन्ता त्यतिमै सीमित छैन । घरमा प्रायः एक्लै बस्नुपर्ने भएकाले आकस्मिक रूपमा सर्पले टोके कसरी अस्पताल पुग्ने भन्ने प्रश्नले उहाँलाई झन बढी सताउँछ। उहाँलाई मात्रै होइन बाराको सिम्रौनगढ नगरपालिका–२ का चुरे अभियन्ता समेत रहनुभएका सुनिल यादवलाई वर्षायामसँगै सर्पदंशको उत्तिकै चिन्ता हुन्छ । मनसुनको सर्पदंशको समयमा उहाँलाई आफ्नोभन्दा बढी चिन्ता आफ्ना साना छोराछोरीको हुन्छ । "बच्चाहरू कतिखेर कहाँ पुग्छन् भन्ने नै थाहा हुँदैन, "उहाँ भन्नुहुन्छ, "तर यस समयम विशेष सतर्कता अपनाउँदै सर्प आउने डरले उनीहरूलाई जथाभावी खेल्न दिँदैनौँ । राति राम्रोसँग झुल लगाएर सुत्न भन्छौँ तर त्यसले मात्र मन ढुक्क हुँदैन ।"

उहाँका अनुसार तराई क्षेत्रमा धेरै परिवार अझै शौचालयविहीन छन् । राति शौच गर्न बाहिर निस्कनुपर्ने बाध्यताले पनि सर्पदंशको जोखिम बढाएको छ । गाउँघरका झाडी, खेतका आली र मुसाले बनाएका प्वाल सर्पका सुरक्षित वासस्थान बनेका छन् ।

किसानको अवस्था अझ चुनौतीपूर्ण रहेको उहाँ बताउनुहुन्छ। "सिँचाइका लागि पानी नपरेको बेला राति मोटर चलाउन खेत पुग्नुपर्ने हुन्छ । अँध्यारोमा खेतको आली हुँदै हिँड्दा सर्पसँगको जम्काभेट कुनै पनि बेला हुनसक्छ", टेलिफोन वार्तामा उहाँले भन्नुभयो, "खेतका आलीमा मुसा धेरै हुन्छन्, मुसाको खोजीमा त्यहाँ सर्प पनि आउँछ ।" यादवका अनुसार सर्पदंशबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय भनेको व्यक्तिगत सतर्कता नै हो । "बच्चालाई जतातते खेल्न नदिने, राति टर्च बोकेर हिँड्ने, खेतबारीमा बुट लगाउने र वरिपरिको झाडी सफा राख्ने बानी बसाल्नुपर्छ", उहाँको सुझाव छ ।



### सबैभन्दा बढी सर्पदंशबाट मृत्यु

मनसुनसँगै बाढी, पहिरो र डुबानको चर्चा बढी हुने गरे पनि पछिल्ला तथ्याङ्कले नेपालमा यसवर्ष सबैभन्दा धेरै ज्यान लिने विपद् सर्पदंश बनेको देखाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वैशाख १ गतेदेखि साउन १० गतेसम्म सर्पदंशका ६६१ घटना भएका छन् । ती घटनामा ५३ जनाले ज्यान गुमाएका छन् भने ५७२ जना घाइते भएका छन् । यस अवधिमा ६२२ परिवार प्रभावित बनेका छन् ।

प्राधिकरणको तथ्याङ्कअनुसार यही अवधिमा विपद्जन्य घटनामध्ये सबैभन्दा धेरै मृत्यु सर्पदंशबाट भएको छ । चट्याङ लागेर २५ जनाको मृत्यु भएको छ भने लेक लागेर २१, आगलागीबाट १९, जनावरको आक्रमणबाट १७, बाढीबाट १३ र पहिरोबाट पनि १६ जनाले ज्यान गुमाएका छन् । भारी वर्षाका कारण चार तथा डुङ्गा पल्टिँदा दुईको मृत्यु भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । साउन ७ गतेदेखि साउन ८ गतेसम्मको २४ घण्टामा मात्रै सर्पदंशका १६ घटना दर्ता भएका छन् । प्राधिकरणका सहसचिव प्रदीपकुमार कोइरालाले मनसुनमा सर्पदंशको समस्या जनस्वास्थ्यको

बाँकी तेश्रो पेजमा

# पराशर मार्गका ठेकेदारलाई व्यासको सात दिने अल्टिमेटम

## कार्यापालिकाद्वारा भवन मापदण्ड संशोधनदेखि निर्माणकर्मी दर्ता लगायतका महत्त्वपूर्ण निर्णय

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाको नगर कार्यपालिकाको २४३औं नियमित बैठकले निर्माणाधीन पराशर मार्गको काममा भएको ढिलाइप्रति गम्भीर चासो व्यक्त गर्दै सम्बन्धित निर्माण व्यवसायीलाई सात दिनभित्र कार्यप्रगति विवरण र निर्माण सम्पन्न गर्ने लिखित प्रतिबद्धता पेश गर्न निर्देशन दिने निर्णय गरेको छ ।

बैठकले व्यास–७, ९, १० र ११ मा निर्माणाधीन पराशर मार्गको कार्यप्रगतिको समीक्षा गर्दै निर्माण कार्यमा भएको ढिलाइप्रति असन्तुष्टि जनाएको हो । सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ बमोजिम सम्बन्धित निर्माण व्यवसायीलाई सात दिनभित्र नगरपालिकामा सम्पर्क गरी हालसम्मको कार्यप्रगति प्रतिवेदन तथा बाँकी निर्माण कार्य सम्पन्न गर्ने लिखित प्रतिबद्धता (कमिटमेन्ट) पेश गर्न निर्देशन दिने निर्णय गरिएको छ ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा मंगलबार सम्पन्न बैठकले विकास निर्माण, सार्वजनिक खरिद, कृषि, भवन निर्माण तथा प्रशासनिक व्यवस्थापनसँग सम्बन्धित सात वटा महत्त्वपूर्ण निर्णय गरेको नगरपालिकाले जनाएको छ । बैठकले वडा नं. ११ स्थित विद्या पोल्ट्री एण्ड कृषि फर्म प्रालिको मागबमोजिम कृषि प्रयोजनका लागि खरिद–बिक्री हुने जग्गाको रजिस्ट्रेशनमा प्रचलित कानुनबमोजिम लाग्ने राजस्वमा नियमानुसार छुट प्रदान गर्न सिफारिस गर्ने निर्णय गरेको छ ।

त्यसैगरी, आर्थिक वर्ष २०८३/०८४ को वार्षिक समीक्षा कार्यक्रम आगामी साउन २९ गते नगरसभा कक्षमा आयोजना गर्ने तथा आवश्यक व्यवस्थापन मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय पनि बैठकले गरेको छ ।

कार्यपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक खरिद नियमावलीअनुसार कामदारको ज्याला, निर्माण सामग्री ढुवानी तथा मेसिन–उपकरणको भाडादर स्वीकृत गरेको छ । साथै, नगरपालिका क्षेत्रभित्र निर्माण कार्य गर्ने निर्माणकर्मीहरूको दर्ता तथा सूचीकृत सम्बन्धी कार्यविधि, २०८३ पारित गर्ने निर्णय गरिएको छ।

यसैबीच, बैठकले व्यास नगरपालिका लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८० तथा व्यास नगरपालिका भवन निर्माण मापदण्ड, २०८२ संशोधन गर्ने निर्णय पनि गरेको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार कार्यपालिकाले गरेका यी निर्णयहरू विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित बनाउने, निर्माण क्षेत्रलाई नियमन गर्ने तथा नगरको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ गरिएको हो।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# व्यास जयन्ती र व्यासभूमि

श्रावण पूर्णिमा हिन्दु धर्मावलम्बीका लागि विशेष महत्वको दिन हो । यही दिनलाई गुरू पूर्णिमा, महर्षि वेदव्यास अवतरण दिवस र ज्ञान परम्पराको उत्सवका रूपमा आज मनाइदै छ । गुरू-शिष्य परम्पराको सम्मान गर्ने यो पर्वले मानव सभ्यतालाई ज्ञान, दर्शन र संस्कृतिको अमूल्य सम्पदा प्रदान गर्ने महर्षि वेदव्यासलाई स्मरण गर्ने अवसर पनि दिन्छ । विडम्बना के छ भने संसारभर सम्मान गरिने महर्षि वेदव्यासको जन्मभूमि मानिने तनहुँको दमौली भने अझै पनि अपेक्षित रूपमा चिनिन सकेको छैन । महाभारत, चार वेद र अठार पुराणका रचयिताको भूमिलाई आज पनि 'बत्तीमुनिको अँध्यारो' भन्नुपर्ने अवस्था आफैंमा दुःखद् हो । वेदव्यास कुनै एक धार्मिक व्यक्तित्व मात्र होइनन्, उनी ज्ञान, दर्शन, साहित्य र सभ्यताको प्रतीक हुन् । हिन्दु धर्मग्रन्थहरूको व्यवस्थित सम्पादन र वर्गीकरण गरेर मानव समाजलाई ज्ञानको अमूल्य सम्पदा प्रदान गर्ने महान् ऋषिका रूपमा उनको योगदान अनुपम छ । त्यसैले गुरू पूर्णिमालाई 'व्यास पूर्णिमा' पनि भनिन्छ । विश्वभरका हिन्दुहरु वेदव्यासप्रति श्रद्धा प्रकट गरिरहेका बेला उनको जन्मभूमि भनेर दाबी गरिएको दमौलीको अवस्था भने अझै पनि सामान्य धार्मिक स्थलभन्दा माथि उठ्न सकेको छैन ।

दमौलीको व्यासगुफा, पराशर गुफा, मादी र सेती नदीको संगम, शिवपञ्चायन मन्दिर, छाब्दी क्षेत्र, मच्छेकुण्ड, मानुङकोटलगायतका धार्मिक, ऐतिहासिक र प्राकृतिक सम्पदाले यो क्षेत्रलाई नेपालकै उत्कृष्ट धार्मिक-सांस्कृतिक पर्यटन गन्तव्य बनाउन सक्ने आधार दिएका छन् । पृथ्वीराजमार्गमै पर्ने भएकाले यहाँ पुग्न पनि सहज छ । काठमाडौं-पोखरा आवतजावत गर्ने लाखौं यात्रु वर्षेनी यही मार्ग हुँदै गुज्रिन्छन् । तर तीमध्ये अधिकांशलाई यहाँ केही समय रोकिने, घुम्ने वा धार्मिक दर्शन गर्ने वातावरण बनाउन सकिएको छैन। यो अवसरको उपयोग हुन नसक्नु हाम्रो योजनाको कमजोरी हो । व्यासगुफामा बसेर वेदव्यासले महाभारत, चार वेद र अठार पुराणको रचना गरेको धार्मिक विश्वास छ । नजिकै पराशर गुफा छ, जहाँ उनका पिता महर्षि पराशरले तपस्या गरेको मानिन्छ । छाब्दी क्षेत्रमा सत्यवतीको जन्मसँग जोडिएको मच्छेकुण्डको धार्मिक महत्व पनि कम छैन । यी सबै स्थलहरु एउटै धार्मिक परम्परामा जोडिएका छन् । यस्ता दुर्लभ सम्पदालाई एउटै धार्मिक पर्यटन परिपथका रूपमा विकास गर्न सकिए नेपाल मात्र होइन, विश्वभरका हिन्दु धर्मावलम्बीका लागि आकर्षणको केन्द्र बन्न सक्ने सम्भावना प्रबल छ ।

तर सम्भावनाले मात्र विकास हुँदैन । आवश्यक पूर्वाधार, योजनाबद्ध प्रचारप्रसार, अनुसन्धान र अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ आवश्यक हुन्छ । विगतमा व्यासभूमिलाई विश्वसामु चिनाउने उद्देश्यले १०८ फिट अग्लो वेदव्यासको प्रतिमा निर्माण गर्ने योजना अघि सारियो । स्तम्भ निर्माणको काम सुरू भए पनि त्यसपछिको प्रक्रिया सुस्त बनेको छ । यस्ता महत्वाकांक्षी योजना घोषणामा सीमित हुने हो भने त्यसले जनतामा निराशा मात्र बढाउँछ । राष्ट्रिय गौरवका यस्ता धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकार मात्र होइन, संघीय सरकारको पनि उत्तिकै दायित्व हुन्छ । पछिल्ला वर्षहरूमा मानुङकोटले सामाजिक सञ्जालमार्फत व्यापक चर्चा पायो । सूर्योदय, कुहिरोको समुद्र र हिमश्रृंखलाको दृश्यले हजारौं पर्यटकलाई आकर्षित गऱ्यो । यसले एउटा तथ्य स्पष्ट गरेको छ- उचित प्रचार र न्यूनतम पूर्वाधार भए पर्यटक आफैं पुग्छन् । यही अनुभवलाई व्यास-पराशर क्षेत्रसँग जोड्न सकिन्छ । धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदालाई एकीकृत गरेर पर्यटन प्याकेज तयार गर्न सकियो भने दमौली धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख केन्द्र बन्न धेरै समय लाग्दैन ।

यसका लागि सडक, पदमार्ग, सूचना केन्द्र, पार्किङ, सरसफाइ, विश्रामस्थल, डिजिटल सूचना प्रणाली, अनुसन्धान केन्द्र र धार्मिक कार्यक्रमहरूको नियमित आयोजना आवश्यक छ । गुरू पूर्णिमा, व्यास जयन्ती र अन्य धार्मिक अवसरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमका रूपमा विकास गर्न सकिन्छ । विद्यालय र विश्वविद्यालयका अनुसन्धानकर्तालाई व्याससँग सम्बन्धित अध्ययनमा प्रोत्साहन गर्नुपर्छ । स्थानीय समुदायलाई पनि पर्यटनबाट प्रत्यक्ष लाभ हुने वातावरण बनाउनु आवश्यक छ । जब स्थानीय नागरिकको स्वामित्व बढ्छ, सम्पदाको संरक्षण पनि दिगो बन्छ । धार्मिक पर्यटन केवल आस्थाको विषय होइन, यो आर्थिक विकासको पनि आधार हो । भारतका वाराणसी, अयोध्या, उज्जैन वा नेपालकै मुक्तिनाथ, देवघाटधाम, जनकपुर र पशुपतिनाथले धार्मिक पर्यटनमार्फत स्थानीय अर्थतन्त्रलाई बलियो बनाएका उदाहरण हाम्रा सामु छन्। व्यासभूमिसँग पनि त्यस्तै सम्भावना छ । आवश्यक कुरा इच्छाशक्ति, दीर्घकालीन योजना र सबै तहको सहकार्य मात्र हो ।

महर्षि वेदव्यास सम्पूर्ण मानव सभ्यताका साझा सम्पदा हुन् । उनका नाममा विश्वभर श्रद्धा अर्पण भइरहेका बेला उनको जन्मभूमि भनेर चिनिने दमौली अझै ओझेलमा रहनु हाम्रो कमजोरी हो । गुरू पूर्णिमा र व्यास जयन्तीलाई केवल औपचारिक कार्यक्रमको सीमामा नराखी व्यासभूमिको अन्तर्राष्ट्रिय पहिचान निर्माण गर्ने अभियानका रूपमा रूपान्तरण गर्न सक्नुपर्छ । स्थानीय सरकार, प्रदेश, संघ, धार्मिक संस्था, निजी क्षेत्र र नागरिक समाजले साझा संकल्पका साथ अघि बढ्ने हो भने आज 'बत्तीमुनिको अँध्यारो' बनेको व्यासभूमि भोलि विश्व धार्मिक पर्यटनको उज्यालो गन्तव्य बन्न सक्छ । यही गुरू पूर्णिमाको सन्देश र वेदव्यासप्रति सच्चा सम्मान पनि हुनेछ ।

# नेतृत्व नफेरिने वाम एकता : अर्थ कि अनर्थ ?

नेपालको वाम आन्दोलनको इतिहास केवल राजनीतिक दलहरूको इतिहास होइन, यो शोषण, असमानता र निरंकुशता विरूद्धको जनसंघर्षको इतिहास पनि हो। यही आन्दोलनले नेपाली समाजमा वर्गीय चेतना जगायो, लोकतान्त्रिक अधिकारका लागि जनतालाई संगठित गऱ्यो र गणतन्त्रसम्मको यात्रामा निर्णायक योगदान दियो । तर विडम्बना के छ भने, इतिहासमा यति ठूलो योगदान गरेको यही आन्दोलन आज आफ्नै आन्तरिक कमजोरी, नेतृत्वको निरन्तरता र व्यक्तिकेन्द्रित राजनीतिक संस्कृतिका कारण प्रश्नको घेरामा उभिएको छ ।

आज फेरि वाम एकताको चर्चा सुरू भएको छ। शीर्ष नेताहरूबीच भेटघाट भइरहेका छन्, सहकार्यका संकेत देखिएका छन् र राजनीतिक वृत्तमा नयाँ समीकरणको बहस चुलिएको छ। तर एउटा गम्भीर प्रश्न उठ्छ-के नेतृत्व नफेरीकन, पुरानै शक्ति संरचना यथावत् राखेर हुने एकतालाई वास्तविक वाम एकता भन्न सकिन्छ? वा त्यो फेरि अर्को अस्थायी राजनीतिक सम्झौता मात्र हुनेछ ?




नेपालको कम्युनिस्ट आन्दोलनका संस्थापक नेता पुष्पलाल श्रेष्ठले कम्युनिस्ट आन्दोलनलाई कुनै व्यक्तिको वरिपरि होइन, विचार, सङ्गठन र जनतामाझ स्थापित गर्न चाहेका थिए । उनले बारम्बार जोड दिएको विषय थियो-जनताको पक्षमा उभिएको राजनीतिक आन्दोलन नै दीर्घजीवी हुन्छ । विचारभन्दा व्यक्ति ठूलो बन्न थाल्यो भने आन्दोलनको दिशा परिवर्तन हुन्छ । पुष्पलालले निर्माण गर्न खोजेको कम्युनिस्ट आन्दोलनको आत्मा वैचारिक स्पष्टता, सङ्गठनात्मक अनुशासन र जनविश्वास थियो, व्यक्तिपूजा होइन ।

त्यसैगरी मनमोहन अधिकारी नेपाली राजनीतिमा सादगी, नैतिकता र जनउत्तरदायित्वका प्रतीक बने । अल्पमतको सरकारको नेतृत्व गर्दा पनि उनले जनमुखी कार्यक्रममार्फत राजनीति जनताको जीवनसँग जोडिनुपर्छ भन्ने उदाहरण प्रस्तुत गरे। उनको राजनीतिक उचाइ केवल प्रधानमन्त्री भएको कारणले होइन, सत्ता प्राप्तिलाई भन्दा जनविश्वासलाई ठूलो मानेका कारणले स्थापित भएको हो। मनमोहन अधिकारीले देखाएको राजनीतिक संस्कार आज पनि वाम आन्दोलनका लागि अनुकरणीय मानिन्छ ।

मदन भण्डारीले नेपाली कम्युनिस्ट आन्दोलनलाई नयाँ वैचारिक बहस दिए। जनताको बहुदलीय जनवादमार्फत उनले नेपाली समाजको यथार्थअनुकूल राजनीतिक मार्ग खोज्ने प्रयास गरे । उनले सङ्गठनलाई गतिशील बनाउन, जनतासँग प्रत्यक्ष सम्बन्ध कायम गर्न र नेतृत्वलाई जनउत्तरदायी बनाउन जोड दिएका थिए । उनी आफैँले भनेका थिए कि राजनीति निरन्तर परिवर्तनशील हुन्छ, त्यसैले आन्दोलनले पनि समयअनुसार आफूलाई परिमार्जन गर्न सक्नुपर्छ। यी तीनै नेताको जीवन अध्ययन गर्दा एउटा साझा विशेषता स्पष्ट देखिन्छ-उनीहरूले आफूलाई आन्दोलनभन्दा माथि राखेनन् । उनीहरु विचारका वाहक थिए, विचारका मालिक होइनन् । यही कारणले उनीहरूको राजनीतिक योगदान आज पनि सम्मानका साथ स्मरण गरिन्छ ।

तर वर्तमान अवस्थामा वाम आन्दोलनको सबैभन्दा ठूलो संकट विचारको अभाव मात्र होइन, नेतृत्व व्यवस्थापनको संकट पनि हो । एउटै अनुहार, एउटै शैली र एउटै शक्ति संरचनाले दशकौँसम्म नेतृत्व गरिरहँदा सङ्गठनभित्र नयाँ पुस्ताको उत्साह कमजोर भएको छ । योग्य र सक्षम कार्यकर्ताले अवसर पाउन कठिन भएको छ । नेतृत्व परिवर्तनलाई स्वाभाविक प्रक्रिया मान्नुको सट्टा असुरक्षा र प्रतिस्पर्धाको विषय बनाइएको छ ।

लोकतान्त्रिक आन्दोलनभित्र नेतृत्वको हस्तान्तरण कमजोरी होइन, परिपक्वताको संकेत हो । संसारका सफल राजनीतिक दलहरु संस्थागत प्रक्रियाबाट नेतृत्व परिवर्तन गर्छन्। त्यहाँ व्यक्ति स्थायी हुँदैन, संस्था स्थायी हुन्छ। तर हाम्रो राजनीतिक संस्कृतिमा अझै पनि पदलाई जिम्मेवारीभन्दा बढी अधिकारका रूपमा बुझ्ने प्रवृत्ति देखिन्छ। यही प्रवृत्तिले वाम आन्दोलनलाई बारम्बार विभाजन, अविश्वास र आन्तरिक द्वन्द्वतर्फ धकेलेको छ।

त्यसैले आज आवश्यक भएको वाम एकता केवल दलहरूको एकीकरण होइन; नेतृत्व संस्कृतिको रूपान्तरण हो। यदि एकतासँगै नेतृत्व हस्तान्तरणको स्पष्ट खाका आउँदैन भने त्यो एकता जनताका लागि नयाँ आशा होइन, पुरानै निराशाको पुनरावृत्ति बन्न सक्छ। अबको वाम एकताको आधार केही स्पष्ट सिद्धान्तमा उभिनुपर्छ । पहिलो, विचार व्यक्तिभन्दा माथि हुनुपर्छ। दोस्रो, विधान नेताभन्दा बलियो हुनुपर्छ। तेस्रो, नेतृत्व योग्यताबाट चयन हुनुपर्छ, हैसियत वा प्रभावबाट होइन। चौथो, नेतृत्वको निश्चित कार्यकाल र नियमित मूल्याङ्कन हुनुपर्छ । पाँचौं, नयाँ पुस्तालाई योजनाबद्ध रूपमा नेतृत्वमा ल्याउने संस्थागत व्यवस्था हुनुपर्छ ।

नेतृत्वका लागि पनि न्यूनतम मापदण्ड निर्धारण गर्न आवश्यक छ। वैचारिक स्पष्टता, जनसंघर्षमा प्रमाणित योगदान, भ्रष्टाचारमुक्त सार्वजनिक जीवन, सङ्गठन निर्माणको क्षमता, लोकतान्त्रिक संस्कार, आलोचना-आत्मालोचनाको अभ्यास, सार्वजनिक उत्तरदायित्व र राष्ट्रहितप्रतिको स्पष्ट प्रतिबद्धता जस्ता आधारहरूलाई नेतृत्व चयनको मापदण्ड बनाउन सकिए मात्र सङ्गठनभित्र स्वस्थ प्रतिस्पर्धा विकास हुन्छ।

आज जनताले नेताको भाषणभन्दा व्यवहारलाई हेर्न थालेका छन् । उनीहरूलाई नयाँ नारा होइन, नयाँ राजनीतिक संस्कार चाहिएको छ । यदि वाम आन्दोलनले आफ्नै घरभित्र लोकतन्त्र, पारदर्शिता र उत्तरदायित्व स्थापित गर्न सक्दैन भने समाज परिवर्तनको दाबी पनि कमजोर हुन्छ । वाम आन्दोलनको भविष्य केवल पुराना उपलब्धिको स्मरणमा सुरक्षित हुँदैन। पुष्पलालको वैचारिक दृढता, मनमोहन अधिकारीको नैतिक राजनीति र मदन भण्डारीको सङ्गठनात्मक दृष्टिलाई वर्तमान समयानुकूल संस्थागत अभ्यासमा रूपान्तरण गर्न सकिए मात्र त्यो भविष्य सुरक्षित हुन्छ । उनीहरूको नाम जपेर मात्र होइन, उनीहरूले स्थापित गर्न खोजेको राजनीतिक संस्कारलाई व्यवहारमा उतारेर मात्र उनीहरूप्रतिको सच्चा सम्मान व्यक्त हुन्छ।

यसैले आजको वाम एकताको बहसमा सबैभन्दा महत्त्वपूर्ण प्रश्न 'को नेता बन्ने?' होइन, 'नेतृत्व कसरी चयन हुने ?' भन्ने हो । जबसम्म यो प्रश्नको संस्थागत उत्तर खोजिँदैन, तबसम्म एकताको घोषणा जति आकर्षक भए पनि त्यसको आयु छोटो हुन सक्छ। इतिहासले एउटा स्पष्ट शिक्षा दिएको छ-व्यक्तिमा आधारित एकता क्षणिक हुन्छ, विचार र विधिमा आधारित एकता दीर्घजीवी हुन्छ ।

त्यसैले यदि आजको वाम एकतालाई इतिहासले अर्को असफल प्रयोगका रूपमा होइन, नयाँ राजनीतिक अध्यायका रूपमा स्मरण गरोस् भन्ने चाहना छ भने नेतृत्व हस्तान्तरणलाई साहसपूर्वक स्वीकार गर्नैपर्छ। नेतृत्व नफेरिने वाम एकताले केही समय राजनीतिक उत्साह त सिर्जना गर्न सक्छ, तर आन्दोलनलाई नयाँ युगमा प्रवेश गराउन सक्दैन। वास्तविक वाम एकताको सुरूवात त्यही दिन हुनेछ, जुन दिन कुनै नेता आफ्ना लागि होइन, आन्दोलनका लागि नेतृत्व हस्तान्तरण गर्न तयार हुनेछ । नेपालप्रेसबाट

## तपाईको आज

**मेष**
अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला ।

**वृष**
विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

**मिथुन**
परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ ।

**कर्कट**
रिसाउने तथा काम बिग्रने डरले सताउनेछ । दीर्घकालीन योजनामा निर्णय लिन हतार नगर्नुहोला ।

**सिंह**
प्रेम र मित्रताको बन्धन कसिनेछ भने विशेष उपहारले काममा उत्साह जगाउनेछ ।

**कन्य**
आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्। प्राप्त उपलब्धि जोगाउने प्रयास गर्नुहोला ।

**तुला**
नियमित काममा साबिकजस्तै फाइदा भइरहनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ ।

**वृश्चिक**
परिबन्धले समस्या निम्त्याउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

**धनु**
नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।

**मकर**
प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**कुम्भ**
परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला ।

**मीन**
विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।




**सिद्धबाबा मन्दिर :** पाल्पाको तिनाउ गाउँपालिका वडा नं ३, दोभानमा अवस्थित सिद्धबाबा मन्दिर । सिद्धबाबाको पूजा आराधना गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको छ । *तस्बिर: सुमित्रा चापागाई/रासस*

# लगानीमैत्री वातावरण निर्माणका लागि ४२ वटा कानुन खारेज र संशोधन हुँदैछन् : अर्थमन्त्री डा वाग्ले

**रासस**/काठमाडौं

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले लगानीमैत्री वातावरण निर्माणका लागि ४२ वटा कानुन खारेज तथा संशोधनको प्रक्रियामा रहेको बताउनुभएको छ । मंगलबार निजी क्षेत्रका उद्योगी, व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिहरूसँगको छलफलका क्रममा अर्थमन्त्री डा वाग्लेले आफूहरूको एउटै साझा मन्त्र र एउटै राष्ट्रिय एजेन्डा लगानी मात्रै भएको उल्लेख गर्नुभयो।

अर्थमन्त्री डा वाग्लेले सरकारले अनावश्यक र पुराना कानुन खारेज गर्ने, लगानीको वातावरण सुधार गर्ने र कर प्रणालीलाई सरल तथा पारदर्शी बनाउने, व्यवसाय गर्ने सहजता बढाउने, पुँजीबजार तथा वैकल्पिक वित्तीय साधनको विस्तार गर्ने, श्रम बजारलाई व्यवस्थित गर्ने र डिजिटल सेवामार्फत पारदर्शी प्रशासन निर्माण गर्ने स्पष्ट 'रोडम्याप' तय गरेको बताउनुभयो ।

"प्रधानमन्त्रीज्यू स्वयं निजी क्षेत्रका सवालमा अत्यन्त गम्भीर हुनुहुन्छ । मुख्य–मुख्य विषयहरूमा उहाँले सोझै र तत्काल मलगायत मन्त्रिपरिषद्का सहकर्मीहरूसँग 'फलोअप' गरिरहनुभएको छ", अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "मुलुकको आर्थिक रूपान्तरणका लागि स्वदेशी तथा विदेशी लगानीकर्ताहरू उच्च मनोबलका साथ लगानी विस्तार गर्न, नयाँ उद्योग खोल्न र उत्पादन बढाउन तयार हुनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।"

उहाँले आफूहरूले लक्ष्य उद्योग पूर्ण क्षमता सञ्चालन, निर्वाध व्यवसाय विस्तार र नयाँ उद्यमको सिर्जना रहेको बताउनुभयो । "यदि यी तीन सूचकमा हामीले उल्लेखनीय सुधार ल्याउन सक्यौँ भने आर्थिक वृद्धि, रोजगारी सिर्जना, राजस्व वृद्धि, र निर्यात प्रवर्द्धन स्वतः नयाँ गतिमा अघि बढ्नेछन्। त्यसैले हाम्रा सम्पूर्ण प्रयास र नीतिहरू यिनै तीन परिणाम हासिल गर्नमा केन्द्रित रहनेछन्", उहाँले भन्नुभयो ।

अर्थमन्त्री डा वाग्लेले उद्योगी, व्यवसायी र निजी क्षेत्रका प्रतिनिधिले उठाएका जाजय विषयलाई सम्बन्धित मन्त्रालय, विभाग र निकायसँग तत्काल समन्वय गरी सामाधान गर्नका लागि अर्थ मन्त्रालयमा उच्च प्राथमिकताका साथ 'रेस्पोन्स डेस्क' स्थापना गरिने पनि उल्लेख गर्नुभयो ।

"अब फाइल थन्किने होइन, द्रुत गतिमा निर्णय र समाधान हुने कार्य संस्कृतिको विकास गरिनेछ", उहाँले भन्नुभयो । उहाँले कानुन संशोधन, नियमावली, कार्यविधि तथा संस्थागत सुधारको काम समयबद्ध तालिकाअनुसार कार्यान्वयन गरिने बताउनुभयो ।

# सर्पदंशको बढ्दो ......

गम्भीर संकट रहेको भन्दै प्राधिकरणले समस्या न्यूनीकरणका लागि सचेतना तथा अन्तरसरकारी निकायबीच समन्वय बढाइएको जानकारी दिनुभयो ।

**सर्पदंशबाट महिलाहरू बढी प्रभावित**

सर्पदंशको जोखिम सबैका लागि समान देखिए पनि यसको असर भने महिलामाथि बढी परेको तथ्याङ्कले देखाएको छ । प्राधिकरणको तथ्याङ्कअनुसार २०७४ सालदेखि २०८३ सालसम्म सर्पदंशका एक हजार २१८ घटना दर्ता भएका छन् । ती घटनामा २५९ जनाले ज्यान गुमाएका छन्। मृत्यु हुनेमध्ये १३२ जना महिला र १२१ जना पुरूष रहेका छन् । यसमा सर्पदंशबाट महिलाको मृत्यु संख्या पुरूषभन्दा बढी रहेको देखाउँछ। यस अवधिमा ९७६ जना घाइते भएका छन् । घाइतेमध्ये ५४२ जना महिला र ४३४ जना पुरूष छन् । सर्पदंशका घटनाबाट एक हजार २२६ परिवार प्रत्यक्षरूपमा प्रभावित भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ ।

प्राधिकरणका अनुसार ग्रामीण क्षेत्रमा महिलाहरू खेतमा धान रोप्ने, घाँस–दाउरा संकलन गर्ने, पशुपालन गर्ने तथा राति घरायसी कामका लागि बाहिर निस्कने भएकाले उनीहरू बढी प्रभावित हुने गरेका छन् । प्राधिकरणका सहसचिव प्रदीपकुमार कोइरालाले सर्पदंश रोकथामसम्बन्धी जनचेतना, सुरक्षित कार्य अभ्यास र उपचार सेवाको पहुँचमा प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँका अनुसार सर्पको टोकाइबाट मृत्यु भएमा दुई लाखसम्म क्षतिपूर्ति दिने व्यवस्था छ ।

**सर्पको वासस्थानबारे अध्ययन सुरु गरिने**

प्राधिकरणका नवनियुक्त कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले सर्पदंशका घटना न्यूनीकरण गर्न सर्पको वासस्थान र आवतजावत हुने क्षेत्रको अध्ययन सुरू गरिने बताउनुभएको छ । उहाँले सर्प कहाँबाट आउने, कस्तो वातावरण र बासस्थानमा बस्ने तथा मानिससँगको सम्पर्क किन बढिरहेको छ भन्ने विषयमा अध्ययन गरिने जानकारी दिनुभयो। "सर्पको वासस्थान र आवतजावत हुने क्षेत्रको अध्ययन गरेर जोखिम न्यूनीकरणका उपाय अघि बढाउँछौँ", उहाँले भन्नुभयो ।

उप्रेतीका अनुसार सर्पदंशका घटना बढी हुने क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी सर्प उद्धार तथा व्यवस्थापनको प्रणाली विकास गरिनेछ । जोखिमयुक्त बस्तीमा जनचेतना अभिवृद्धि, उद्धार टोलीको क्षमता विकास तथा स्थानीयस्तरमै तत्काल प्रतिकार्य गर्न सकिने संयन्त्र निर्माणमा पनि जोड दिइने उहाँले बताउनुभयो । डा उप्रेतीले सर्पदंशलाई वर्षायाममा देखिने प्रमुख विपद्का रूपमा लिएर यसको रोकथाम र न्यूनीकरणका लागि सम्बन्धित निकायसँग सहकार्य गर्दै प्रभावकारी कार्यक्रम सञ्चालन गरिने बताउनुभयो ।

**मनसुनमै बढ्छन् बिरामीको संख्या**

मनसुन सुरू भएसँगै सर्पदंशका बिरामीको संख्या उल्लेख्य रूपमा बढ्ने गरेको बताउनुहन्छ वीर अस्पतालका विष विशेषज्ञ डा सुनिल विश्वकर्मा । "अहिले अस्पतालमा दैनिक औसत चार जना सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन् । तीमध्ये अधिकांश बिरामी तराईका जिल्लाबाट आउने गरेका छन् भने सर्लाहीबाट आउने बिरामीको संख्या तुलनात्मक रूपमा बढी रहेको छ", उहाँले भन्नुभयो, "सर्पले टोकेपछि समय खेर फाल्नु हुँदैन। बिरामीलाई सकेसम्म चाँडो नजिकको स्वास्थ्य संस्थामा पुर्‍याएर प्रारम्भिक उपचार गराउनुपर्छ । त्यसपछि विषालु सर्पले टोकेको हो वा होइन भन्ने चिकित्सकीय रूपमा पुष्टि गर्नुपर्छ।"

उहाँका अनुसार विषालु सर्पले टोकेको पुष्टि भएपछि मात्र सरकारले तोकेका एन्टिस्नेक भेनम (एन्टिभेनम) उपलब्ध हुने स्वास्थ्य संस्थामा लगेर उपचार गर्नुपर्छ । डा विश्वकर्माले सर्पदंशपछि धामी–झाँक्रीकोमा जाने, घाउ काट्ने, विष चुस्ने वा कसिलो डोरी बाँध्नेजस्ता परम्परागत अभ्यासले बिरामीको अवस्था झन जटिल बनाउनसक्ने भएकाले यस्ता कार्य नगर्न पनि आग्रह गर्नुभयो । उहाँले सर्पदंशलाई चिकित्सा आपत्कालीन अवस्था मान्दै ढिलाइ नगरी उपचारमा पुग्न सबैलाई अनुरोध गर्नुभयो ।

**समयमै उपचार पाए जोगिन्छ ज्यान**

मनसुन सुरू भएसँगै नेपालका तराई तथा भित्री मधेसका जिल्लामा सर्पदंशका घटना बढ्न थालेको प्राधिकरणको भनाइ छ । खेतबारीमा काम गर्ने किसान, घाँस–दाउरा सङ्कलन गर्ने, माछा मार्ने तथा भुइँमा सुत्ने बानी भएका ग्रामीण बासिन्दा सर्पदंशको बढी जोखिममा पर्ने स्वास्थ्यकर्मी बताउँछन् ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सर्पदंशलाई सामान्य घटना नठानी समयमै उपचारका लागि स्वास्थ्य संस्थामा पुग्न आग्रह गरेको छ । केन्द्रका निर्देशक डा राधिका थपलियाले वर्षायाममा सर्पदंशको जोखिम अझ बढ्ने गरेको भन्दै समयमा नै उपचार गरेमा ज्यान जोगिन सक्ने बताउनुभयो ।

बिरामीलाई नआत्तिन दिने, शान्त राख्ने, टोकेको अङ्गलाई कम चल्ने गरी स्थिर राख्ने र सकेसम्म छिटो एन्टिस्नेक भेनम उपलब्ध स्वास्थ्य संस्थामा पुर्‍याउनु नै सबैभन्दा प्रभावकारी उपाय रहेको थपलियाको भनाइ छ। "हामीले सर्पदंशबाट बच्नका लागि व्यापक रूपमा चनचेता अभिवृद्धि गर्दै आइरहेका छौं तर समयमा नै अस्पताल आउनुभन्दा अझै पनि धामीझाँक्री लगाउने चलन छ । बिरामीले समयमा नै उपचार नपाएर ज्यान जाने गरेको छ ।"

**समयमा नै अस्पताल नपुग्ने समस्या**

शुक्रराज ट्रपिकल तथा सरूवारोग अस्पतालका विशेषज्ञ डा मिलन बज्राचार्यले सर्पले टोकेको ठाउँ काट्ने, विष चुस्ने, कसिलो डोरी बाँध्ने (टर्निकेट प्रयोग गर्ने) वा धामी–झाँक्री तथा घरेलु उपचारमा समय खर्च गर्नेजस्ता अभ्यासले बिरामीको अवस्था थप जटिल बनाउन सक्ने बताउनुभयो। "उपचारको सुविधा भए पनि सर्पले टोकेपछि समयमा नै अस्पताल नपुग्ने समस्याका कारण धेरैले अकालमा नै ज्यान गुमाएका छन्। अझै पनि चनचेतनाको अभाव देखिएको छ", उहाँले भन्नुभयो, "सर्पदंशमा सबैभन्दा प्रभावकारी उपचार भनेको समयमै स्वास्थ्य संस्थामा पुग्नु हो । सही समयमा उपचार पाए धेरैजसो बिरामीको ज्यान बचाउन सकिन्छ ।"

सर्पदंशबाट बच्न रातिको समयमा टर्च लाइटको प्रयोग गर्ने, खेतबारी तथा झाडीमा काम गर्दा बुट र लामो कपडा लगाउने, घर वरिपरिका झाडी सफा राख्ने, मुसा नियन्त्रण गर्ने तथा भुइँमा सुत्नुभन्दा खाटमा सुत्ने बानी बसाल्न पनि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सुझाव दिएको छ । स्वास्थ्य विज्ञहरूका अनुसार नेपालमा सर्पदंश अझै पनि ग्रामीण क्षेत्रमा एउटा प्रमुख जनस्वास्थ्य चुनौतीका रूपमा रहेको छ। उपचारमा ढिलाइ, अन्धविश्वास र स्वास्थ्य सेवामा ढिलो पहुँचका कारण धेरै बिरामीले ज्यान गुमाउने गरेका छन् ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले मनसुनको समयमा खेतबारी र ग्रामीण बस्तीमा सर्पसँगको मानवीय सम्पर्क बढ्ने भएकाले स्वास्थ्य मन्त्रालयले सचेत रहन, सही जानकारी फैलाउन र सर्पदंशलाई सामान्य रूपमा नलिन सबैमा आग्रह गरेको छ । राष्ट्रिय प्राकृतिक संरक्षण कोषका अनुसार नेपालमा गोमन, राजगोमन, करेत, ठूलो कालो करेत, सानो कालो करेत, ब्यान्डेड करेत, रसेल्स भाइपर, मोनोकल्ड कोब्रालगायतका विशालु प्रजातिका सर्पहरू पाइने गर्दछन् । रासस


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**साउन १६ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा


उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com



## दमौली बजार र मादीसेती नदीको संगम

व्यास नगरपालिका-५ स्थित मानुङकोटबाट देखिएको सदरमुकाम दमौली बजार, मादी र सेती नदीको संगमस्थल, व्यास पराशर क्षेत्र, मादी नदी माथि निर्माणाधिन पक्कि पुल लगायतका दृष्य ।

*तस्विर : भञ्ज्याङ*

# 'भिमाद शैक्षिक दर्पण' लोकार्पण, ज्येष्ठ निवृत्त शिक्षक सम्मानित

## गुरू पूर्णिमाको अवसरमा शिक्षा क्षेत्रका व्यक्तित्वहरूको योगदानको कदर

**भञ्ज्याङ समाचारदाता**/भिमाद

गुरू सम्मान दिवस-२०८३ को अवसरमा नेपाल निवृत्त शिक्षक समाज, नगर कार्यसमिति भिमादले 'भिमाद शैक्षिक दर्पण' पुस्तक लोकार्पण तथा ज्येष्ठ निवृत्त शिक्षक सम्मान गरेको छ।

गण्डकी प्रदेश सभा सदस्य जितप्रकाश आलेले पुस्तकको लोकार्पण गर्दै शिक्षामा वास्तविक आवश्यकता पहिचान गरेर लगानी गर्नुपर्ने आवश्यकता औँल्याए। उनले आवश्यकता भन्दा बाहिरका शीर्षकमा बजेट खर्च हुने प्रवृत्तिका कारण विद्यालयहरु प्रभावित भइरहेको उल्लेख गर्दै शिक्षालाई रोजगारीको माध्यम मात्र नभई जीवनोपयोगी सीपसँग जोड्नुपर्ने धारणा राखे । कक्षा १२ पछि बढ्दो वैदेशिक अध्ययनको लहरप्रति चिन्ता व्यक्त गर्दै उनले समयानुकूल शैक्षिक नीति आवश्यक रहेको बताए ।

कार्यक्रममा भिमाद नगरपालिकाका नगरप्रमुख दधिराज सुवेदीले गुणस्तरीय शिक्षाका लागि सकारात्मक बहस, विचार आदानप्रदान तथा शिक्षकहरूको सक्रिय भूमिका अपरिहार्य रहेको बताए। उनले निवृत्त शिक्षकहरूलाई आफ्नो अनुभव नयाँ पुस्तासम्म पुर्‍याउँदै शैक्षिक गतिविधिमा निरन्तर सक्रिय रहन आग्रह गरे। गुरू पूर्णिमाको अवसरमा आयोजना गरिएको सम्मान कार्यक्रमले शिक्षक पेशाप्रतिको सम्मान अझ बढाएको उनको भनाइ थियो ।

उपप्रमुख शारदा खनालले 'भिमाद शैक्षिक दर्पण' प्रकाशनलाई भिमादको शैक्षिक इतिहास दस्तावेजीकरण गर्ने ऐतिहासिक कार्यको संज्ञा दिँदै यसले भावी पुस्तालाई स्थानीय शिक्षा विकासको इतिहास बुझ्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । स्थानीय सरकारबाट यस्ता रचनात्मक कार्यमा निरन्तर सहयोग रहने प्रतिबद्धता समेत उनले जनाइन्।



कार्यक्रममा नेपाल निवृत्त शिक्षक समाजकी वरिष्ठ केन्द्रीय महिला उपाध्यक्ष माया राना, केन्द्रीय कोषाध्यक्ष खिमाकान्त पराजुली, गण्डकी प्रदेश संयोजक अङ्गराज घिमिरे, तनहुँ अध्यक्ष काशीनाथ गौली, जनज्योति क्याम्पस भिमादका क्याम्पस प्रमुख केशवराज काफ्ले तथा प्रेस स्वतन्त्र सेनानी विश्वबन्धु भण्डारीलगायतले शिक्षा क्षेत्रको विकासमा निवृत्त शिक्षकहरूको योगदानको चर्चा गरेका थिए ।

भिमाद नगरपालिकाका नौवटै वडाका वडाध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षा शाखाका सचिव सन्दीप पौडेल, प्रशासकीय अधिकृत शोभाखर पोखरेल, शिक्षा शाखाका कर्मचारी, नेपाल प्रहरी, निवृत्त शिक्षक तथा पूर्वप्रधानाध्यापकहरूको उल्लेखनीय सहभागिता रहेको कार्यक्रममा ज्येष्ठ निवृत्त शिक्षकहरूलाई सम्मानसमेत गरिएको थियो ।

नेपाल निवृत्त शिक्षक समाज, नगर कार्यसमिति भिमादका अध्यक्ष चन्द्रप्रकाश सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा उनले 'भिमाद शैक्षिक दर्पण' प्रकाशनमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सामाजिक तथा शैक्षिक गतिविधिलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरेका थिए।


### गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरुको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

हुनत नेपालमा सरकार नामको 'कुशको बाहुन' थियो, छ र हुनेछ। तर यथार्थमा नेपाल सरकारविहिन भएको विसं २०७९ सालको निर्वाचनदेखि नै हो। हो, यसको निरन्तर अभ्यास विसं २०७२ सालदेखि नै चलेको थियो। त्यसको अन्तिम किस्ता बालेन्द्र शाह हुन। आजको अप्ठेरो के छ भने जतिसुकै नागरिक मारिए पनि, घाईते भएपनि र अराजक स्थिति भएपनि सरकार भन्न र मान्न लायक केही चिज पनि अस्तित्वमा छैन। केही चिज नै नरहेपछि कसको राजिनामा माग्ने? देशमा राजिनामा माग्न, विरोध गर्न र आलोचना गर्न मिल्ने हैसियतको एक जना मान्छे पनि सरकारमा छैन। त्यसैले 'चुपचाप' परेको बेहोरौं। र, बेहोरिरहेकै थियौं।

# भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँ सम्मानित

**भञ्ज्याङ समाचारदाता**/दमौली

भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँ गण्डकी प्रदेशमा प्रदेश तथा संघीय सशर्त अनुदानतर्फको पूँजीगत कार्यक्रम कार्यान्वयनमा उत्कृष्ट वित्तीय प्रगति हासिल गरेबापत सम्मानित भएको छ । वन निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा साउन ११ र १२ गते सम्पन्न वार्षिक प्रगति समीक्षा गोष्ठीमा कार्यालयले प्रदेशतर्फ ९०.४६ प्रतिशत र संघीय सशर्त अनुदानतर्फ ९३.०२ प्रतिशत वित्तीय प्रगति हासिल गरेपछि सम्मान प्रदान गरिएको हो ।

गण्डकी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयका मन्त्री नम्डु गुरूङ, मन्त्रालयका सचिव मोहन काफ्ले तथा वन निर्देशनालयका निमित्त वन निर्देशक अशोककुमार श्रेष्ठले कार्यालयलाई सम्मान गर्दै उच्च कार्यसम्पादनका लागि प्रशंसा गरेका थिए ।

कार्यालय प्रमुख दिवाकर पौडेलले सम्मान ग्रहण गर्दै आगामी दिनमा अझ प्रभावकारी ढंगले सेवा प्रवाह र कार्यक्रम कार्यान्वयनमा प्रेरणा मिलेको उल्लेख गर्दै सम्मानका लागि वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय तथा सम्बन्धित सबै निकायप्रति आभार व्यक्त गरेका छन् ।



कार्यालयले उत्कृष्ट भौतिक तथा वित्तीय प्रगति हासिल गर्न योगदान पुर्‍याउने सम्पूर्ण प्राविधिक कर्मचारी, लेखा तथा प्रशासन शाखाका कर्मचारीसहित सबै कर्मचारीको सामूहिक मेहनतका कारण यो सफलता प्राप्त भएको भन्दै सबै कर्मचारीलाई बधाई तथा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यही समर्पणका साथ काम गर्न आग्रह गरेका छन् ।

यसै अवसरमा विभिन्न विधामा सम्मानित भएका अन्य कार्यालयका प्रमुख तथा कर्मचारीहरूलाई समेत बधाई ज्ञापन गरिएको छ । वन निर्देशनालयले प्रभावकारी बजेट कार्यान्वयन, वित्तीय अनुशासन र लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्ने कार्यालयहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले सम्मान गरेको जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४